१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु**
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ११७ ॥ २०८१ जेठ २५ गते शुक्रबार (7th Jun 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# झापामा बाढी आएपछि साइरन बज्ने

झापा(प्रस) । यस वर्ष बाढीको उच्च जोखिममा रहेको झापामा पूर्वसूचना प्रणालीलाई जोड दिँदै विभिन्न स्थानमा साइरन जडान गरिएको छ ।

मनसुनजन्य विपद्को क्षति न्यूनीकरण गर्न झापाका विभिन्न स्थानमा साइरन जडान गर्ने कार्यलाई तीब्रता दिइएको हो । जल तथा मौसम विज्ञान विभागले करिव दुई साताअघि जिल्लाको निन्दा र बिरीङ खोलामा एक-एक वटा साइरन जडान गरेको छ । यसअघि नेपाल रेडक्रस सोसाइटीको पहलमा कन्काई नदीको ९ ठाउँमा साइरन जडान गरिएको थियो । करिव ६ वर्षअघि कन्काईको विभिन्न ठाउँमा ९ वटा साइरन जडान गरिएको रेडक्रस झापाका सभापति लोकराज ढकालले बताए ।

त्यस्तै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि झापामा साइरन जोड्ने भएको छ । सप्तरी, रौतहट, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका अति जोखिमयुक्त १३ स्थानीय तहका ३४ स्थानमा साइरन प्रणाली जडान गरिसकेको प्राधिकरणले झापा, चितवन, सिन्धुपाल्चोक, महोत्तरी, सुर्खेत, बर्दिया, सर्लाही ७ जिल्लाका १५ स्थानमा जडान गर्ने तयारी गरेको छ । अहिलेसम्म झापाको राजमार्ग क्षेत्रमा मात्र साइरन जडान गरिएकोमा जिल्लाको झापा गाउँपालिका , कचनकवल



गाउँपालिका , बाह्रदशी गाउँपालिका र गौरीगञ्ज गाउँपालिकाको अति जोखिमयुक्त क्षेत्रमा एक-एक वटा साइरन जडानको लागि माग गरिएको रेडक्रसका सभापति ढकालले बताए ।

नदी तथा खोलाहरुमा जलसतह सतर्कता तहभन्दा माथि पुगेपछि ती साइरनले आवाज दिँदै स्थानीयबासीहरुलाई सचेत गराउने गर्छन् । त्योसंगै कन्काईमा एसएमएस प्रणालीको पनि व्यवस्था गरिएको छ । कन्काईमा रहेको वर्षामापन यन्त्रले जलसतह ३.८ मिटर माथि पुगेपछि एसएमएस पठाउने गरेको सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालले बताए । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार जलसतह ५.२ मिटरलाई सतर्कता तह मानिन्छ भने ५.६ मिटरलाई खतराको तह मानिन्छ । निन्दा र बिरीङमा जडान गरिएका साइरनले पूर्णता पाइनसकेको बताउँदै सहायक प्रमुख जिल्ला अधिकारी नेपालले जिल्ला विपद् व्यवस्थापन समितिसंग समन्वय गरेर पूर्वसूचना प्रवाह गरिने जानकारी दिए ।

जिल्लाका १५ पालिकामध्ये बाढीको उच्च जोखिममा ६ पालिका छन्। गौरीगञ्ज, कचनकवल, बाह्रदशी, कमल गाउँपालिका, शिवसताक्षी र भद्रपुर नगरपालिका बाढीको उच्च जोखिममा छन्।

त्यस्तै मेचीनगर, गौरादह, अर्जुनधारा, कनकाई, दमक नगरपालिका बाढीको मध्यम जोखिममा रहेका छन् भने हल्दिबारी, बुद्धशान्ति गाउँपालिका र बिर्तामोड नगरपालिका न्यून जोखिममा छन्।

यो वर्ष अत्यधिक वर्षा हुने मौसम विभागको प्रक्षेपणअनुसार समितिले जिल्लामा करिब आठ हजार ९१९ घरधुरी बाढीका कारण प्रभावित हुने आँकलन गरेको छ ।

# स्थानीयलाई सेनाको स्थलगत तालिम अभ्यास



झापा(प्रस) । नेपाली सेनाको अरिदमन गण चारआली व्यारेकले यस बर्षको मनसुनमा झापा जिल्लामा सबैभन्दा बढी प्रभावित हुने संभावित पालिकाहरुको पहिचान गरी विपद् पूर्वतयारी स्वरुप स्थानीयबासीलाई सुसूचित गराउन स्थलगत तालिम अभ्यास संचालन गर्दै आएको छ ।

यसक्रममा गणले बिहीवार कचनकवल गाउँपालिकाको घेरावारीमा करिव १५० जना स्थानीयलाई विपद्को समयमा अपनाउनु पर्ने सावधानी, सर्पदंशसम्बन्धी कक्षा तथा विपद्को समयमा प्रयोग गर्ने बिभिन्न सामग्री निर्माण गर्ने सम्बन्धी जानकारीमुलक कार्यक्रम संचालन गरेको थियो ।

बैशाख २३ गतेबाट स्थलगत तालिम अभ्यास गराउँदै आएको अरिदमन गणले जेठ २७ गतेसम्म जिल्लाका दक्षिणी गाउँपालिकाहरुमा त्यस किसिमको सचेतनामुलक कार्यक्रम संचालन गर्ने अरिदमन गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यातले जानकारी दिएका छन् ।

# बोलेरोमा स्कुटी ठोक्किदा दुईजनाको मृत्यु

झापा(प्रस) । झापा मेचीनगर नगरपालिका वडा न. १२ माथिल्लो धाईजनस्थित मेची राजमार्गमा स्कुटी दुर्घटनामा दुईजनाको मृत्यु भएको छ ।मृत्यु हुनेहरुमा स्कुटी चालक झापा बुद्धशान्ति गाउँपालिका वडा नम्वर-५ बस्ने वर्ष अन्दाजी २५ का लिलाप्रसाद ढुंगेल र सोहि स्कुटीमा पछाडि सवार ईलाम रोङ गाउँपालिका वडा नम्बर -५ बहुवन बस्ने अन्दाजी बर्ष २९ का चेतन रिजाल रहेका छन् ।




बुधवार राति १०.४५ बजेको समयमा मेचीनगर नगरपालिका वडा न. १२ माथिल्लो धाईजनस्थित मेची राजमार्गमा चारआलीबाट बुधबारेतर्फ जाँदै गरेको मे ७ प ७२८३ नम्वरको स्कुटीले हाईवेको बाँया साईडमा बिग्रिएर रोकिराखेको को १ च ७२६४ नम्वरको बोलेरो पिकअपलाई ठक्कर दिई दुर्घटना भएको हो ।

दुर्घटनामा घाइते भएका दुवैलाई बीएण्डसी अस्पताल बिर्तामोड पुर्‍याउनसाथ राति ११ बजे चिकित्सकले दुबै जनालाई मृत घोषणा गरेका थिए । स्कुटी र बोलेरो पिकअप गाडी प्रहरी चौकी चारआलीको नियन्त्रणमा रहेको र बोलेरो पिकअप चालक सम्पर्कमा नभएको हुँदा खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# अवैध काठ र सवारीसाधन पक्रिदै,कवाडी बनाउँदै

• **लक्ष्मी उप्रेती,**

मेचीनगर । झापामा काठको अवैध तस्करी वर्षेनि बढ्दो छ । जिल्ला प्रहरी कार्यालय झापाको अवैध काठसम्बन्धी त्रिवर्षिय अभिलेखले यस्तो देखाएको हो। कार्यालयका अनुसार आर्थिक वर्ष २०७८/०७९ देखि ०८०/०८१ सम्म झापा जिल्लाका विभिन्न क्षेत्रबाट काठको ठूलो तस्करी भएको छ । आर्थिक वर्ष २०७८/०७९ मा झापा प्रहरीले १ हजार २ सय ६८ क्युविक फिट काठ तथा त्यसमा संलग्न १२ जना मानिस र १३ वटा सवारीसाधन नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि सम्बन्धित कार्यालयमा बुझाएको थियो । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले त्यो वर्ष जिल्लाका अलग अलग स्थानबाट पक्राउ गरिएका काठ तथा सवारीसाधनको मूल्य ४० लाख ५७ हजार ५ सय ३६ रुपैयाँ रहेको बताए ।

पछिल्लो समय काठको अवैध कारोवार बढेपछि प्रहरी गोप्यरुपमा परिचालन भएपनि आर्थिक वर्ष २०७९/०८० को एकवर्षे अवधिमा अवैध धन्दा ५० प्रतिशतभन्दा बढीले बृद्धि भएको छ । त्यो वर्ष ९७ लाख ९४ हजार ८ सय १० रुपैयाँ मूल्य बराबरको २ हजार ४ सय ७२ क्युविक फिट काठ , त्यसमा संलग्न २९ वटा सवारीसाधन र १३ जना मानिसलाई पक्राउ गरिएको चन्दले जानकारी दिए । जिल्लामा बेला-बेलामा काठ तस्करी र अवैध ओसार-पसारका घटनाहरू हुने गरेका छन् । इलाम तथा झापाबीच खुल्ला सिमाना भएकाले काठ तस्करी हुने गरेको प्रहरीको भनाई छ । खासगरी भित्री मधेस र चुरे क्षेत्रका सामुदायिक र सरकारी वनक्षेत्रबाट दिनहुँ अवैध काठ चोरी निकासी हुने गरेको बताईएको छ । राति र विहानको समयमा काठ तस्करी हुने गरेको गोप्य सूचना पाएपछि प्रहरी टोली खटाएर पक्राउ गरिएको कार्यालयको भनाई छ । सम्भावित काठ तस्करी रोक्न सुरक्षाकर्मी प्रभावकारी परिचालन गरिएको भनेर प्रहरीले दाबी गरिरहँदा इलामका वन जंगलबाट अवैध रूपमा काटिने चिरान वा गोलिया काठ झापातिर तस्करी हुने क्रम नरोकिएको सरकारी अधिकारीहरुको भनाई छ । चालु आर्थिक वर्ष २०८०/०८१ को दश महिनामा जिल्लाका अलग अलग स्थानबाट ६ सय ९१ क्युविक फिट काठ बरामद भएको छ । यस वापत ४० लाख ४५ हजार ५ सय रुपैयाँ राजस्व जम्मा भएको कार्यालयले जनाएको छ । त्यसमा प्रयोग भएका ८ वटा सवारीसाधन र संलग्न ८ जनालाई प्रहरीले पक्राउ गरेको प्रहरी नायव उपरीक्षक चन्दले बताए । झापासँग सिमाना जोडिएको इलामको सीमावर्ती वन क्षेत्रबाट तस्करी गरी ल्याइएको अवैध काठ नेपाल प्रहरी, सशस्त्र प्रहरी र वन कार्यालयका कर्मचारीले बरामद गर्ने गरेका छन् । अन्य क्षेत्रको तुलनामा सुरक्षा निकायको उपस्थिति र सक्रियता कम रहेको ग्रामीण क्षेत्रमा तस्करी बढेको प्रहरी अधिकारीहरुको भनाई छ । प्रहरीले बरामद गरेको सबै काठ तथा सवारीसाधन आवश्यक कारवाहीका लागि डिभिजन वन कार्यालय झापामा बुझाउने गरेको छ । तर, ती काठ र सवारीसाधन समयमै लिलाम नहुँदा वन कार्यालय परिसरभित्र काठ कुहिएर जाने अवस्थामा पुगेको छ भने सवारीसाधन कवाडीमा परिणत भएका छन् । लाखौं मूल्यका सवारीसाधन डिभिजन वन कार्यालय झापाले लिलामी गर्न नसक्दा कवाडीमा परिणत भएका हुन् । केही कानूनी जटिलताले गर्दा तत्काल लिलाम गर्न नसकिएको सरकारी अधिकारीहरुको भनाई छ । झन्झटिलो प्रक्रियाका कारण समयमै यी सवारीको लिलाम बिक्री गर्न नसकिएको वन कार्यालयका सूचना अधिकारी अञ्जना पुरीले बताइन् । समयमै ती सवारीसाधन लिलाम बिक्री हुन नसक्दा भौतिक अवस्था ह्रास हुँदै गएको छ । लामो समयसम्म ती सवारीसाधन 'डम्प' गर्दा रेखदेख गर्ने जनशक्तिको अभावमा सवार ीसाधनका पार्टपूर्जा हराउने, नष्ट हुने र विग्रने गरेका छन् । यसले राज्यले ठूलो आर्थिक घाटा भएको स्वयम् वन अधिकारीहरु स्वीकार गर्छन् । 'यसको लिलामी प्रक्रिया झन्झटिलो छ ' सूचना अधिकारी पुरीले भनिन्–' धेरै वर्षपछि भर्खरै एकपटक लिलामी भयो, अब सवै काम गर्दा कानूनी प्रक्रिया पुरा गर्नुहुन्छ यसले गर्दा समयमै कारवाही अघि बढाउन सकिएको छैन । ' अहिले कतिपय स्थानमा ती सवारीसाधन एकमाथि अर्को गर्दै राखिएका कारण माटोले पुरिन गई कवाडीले पनि लैजान नमान्ने अवस्थामा पुगेको पाइएको छ । समयमै त्यस्ता सवारीसाधनका विषयले निकास नपाउँदा राजस्वमा असर पुग्दै आएको उनले बताइन् । काठ तस्करीमा प्रयोगका गरेका ती सवार ीसाधन कार्यालयका परिसरमा बर्षौंदेखि रहेका छन् । कामै नलाग्ने अवस्थामा पुगेका ट्रक, पिकअप, ट्र्याक्टर, मोटरसाइकल, साइकललगायत सवारीसाधनलाई कार्यालय परिसरमै झारजंगलले ढाकेको छ । वन कार्यालयमा थन्किएसँगै लाखौं राजस्वसमेत गुमेको छ । नीतिगत व्यवस्था गरेर यससम्बन्धी समस्यालाई छिटो समाधान गर्नुपर्ने, यो कहिलेसम्म डम्प गर्ने ? छिटो लिलाम गरेर त्यसबाट उठेको रकम राजस्वमै हाल्ने व्यवस्था हुनुपर्ने सरोकारवालाहरुको भनाई छ । कार्यालय अगाडि वर्षौं अघिदेखिका मोटरसाइकल र स्कुटर लथालिङ्ग अवस्थामा छन् । खिया लागेका कबाडी अवस्थाका सवारीसाधनले शहरको सुन्दरतालाई समेत असर पारेको स्थानीयको भनाई छ । नियन्त्रणमा लिइएका सवारीसाधन लिन सवारी धनी नआएपछि समस्या भएको कार्यालयको भनाई छ । एकजना वन अधिकारीका अनुसार झापामा मात्र नभई देशभरि नै यस्तो समस्या रहेको छ । 'यो समस्या देशैभरि नै छ तर कसरी समाधान गर्ने भन्ने विषयमा हामी अघि बढेका छौं', उनले भने, 'लिन नआएका सवारीसाधनलाई लिलाम एवम् अन्य व्यवस्थापनका लागि कार्यालयले सम्बन्धित निकायमा जानकारी गराएको छ । यो समस्या समाधानका लागि पहल आवश्यक रहेको छ ।' वन कार्यालय परिसरमा रहेका खिया लागेका र बेवारिसे सवारीसाधनले शहरको सुन्दरतालाई बिगारेको वातावरणविज्ञ सुदर्शन खत्रीको भनाई छ । वर्षौंदेखि सवारीसाधन अलपत्र छन् । मुख्य सडक छेउमा बेवारिसे सवारीसाधनले धेरै ठाउँ ओगटेको छ भने हेर्दा पनि कबाडी खाना जस्तो देखिन्छ ।

# टायल्स तथा मार्बल ब्यवसायी संघको अध्यक्षमा कुशल

झापा(प्रस) । टायल्स तथा मार्बल ब्यवसायी संघ झापाले पूर्णता पाएको छ । ब्यवसायीको हितका लागि मार्बल ब्यवसायीहरु संगठित हुँदै संघलाई पूर्णता दिएका हुन् ।

बिर्तामोडस्थित कला डिजाइन एण्ड इन्टेरियर सप्लायर्सका सञ्चालकसमेत रहेका कुशल खतिवडाको अध्यक्षतामा गठित संघले पूर्णता पाएको हो । खतिवडा बिर्तामोड उद्योग वाणिज्य संघका महासचिवसमेत रहेका छन् ।

त्यस्तै संघको वरिष्ठ उपाध्यक्षमा विजयकुमार गोयल, उपाध्यक्षमा जयप्रकाश सिटौला र सोम खनाल रहेका छन् ।

त्यस्तै सचिवमा बलदेव योगी, सह सचिवमा बिक्रम खरेल र कोषाध्यक्षमा मदन अग्रवाल रहेका छन् ।संघको सदस्यमा सुसन प्रसाई, तुलसी उप्रेती, भानुभक्त अधिकारी, राम सिटौला, चन्द्र प्रसाद भट्टराई रहेका छन् ।

यसैगरी नेत्रप्रसाद विमलीको संयोजकत्वमा सल्लाहकार समिति गठन भएको छ । समितिको सदस्यहरुमा श्याम लम्साल र अजय नाटा रहेका छन् ।

झापामा एक सयबढी मार्वल ब्यवसायी रहेको बताइएको छ । गठित समितिले व्यवसायीको हितका लागि काम गर्ने जनाइएको छ ।

यसैबीच बिर्तामोड उद्योग वाणिज्य संघले एक सक्षिप्त कार्यक्रमको आयोजना गर्दै टायल्स तथा मार्बल ब्यवसायी संघ झापाको अध्यक्षमा संघका महासचिव खतिवडा चयन भएको भन्दै बधाई ज्ञापन गरेको छ ।

बिर्तामोडस्थित संघको कार्यालयमा संघका महासचिव खतिवडासहित टायल्स तथा मार्बल ब्यवसायी संघ झापाका सबै पदाधिकारी र सदस्यहरुलाई संघका अध्यक्ष राजु न्यौपानेसहितका व्यवसायीले बधाई दिएका थिए ।

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
Rs. 1500/-
Rs. 1050/-



Free Home Delivery
Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# दमकमा लागूऔषध बेच्ने एक महिला पक्राउ



झापा(प्रस)। झापाको दमकमा लागूऔषध बेच्ने एक महिला पक्राउ परेकी छन् । बिहीवार दिउँसो २:३० बजेको समयमा दमक नगरपालिका वडा नं.४ वस्ने वर्ष ४८ की गायत्रा गौतमले लागूऔषध बिक्री वितरण गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा लागूऔषध नियन्त्रण व्युरो काँकडभिट्टा र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उनको शरीर तथा घर कोठाहरु खानतलासी लिँदा बट्टाभित्र लुकाईराखेको प्रतिबन्धित ९ ग्राम ५३० मिलिग्राम ब्राउनसुगर र उनी सुत्ने बेडको सिरानीमुनि ३ लाख ३६ हजार४०० रुपैयाँ फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# मुख्यमन्त्री कार्कीले देखाए पाँच समस्या र चुनौती

झापा(प्रस) ।कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशको समृद्धि र विकासका लागि पाँच समस्या र चुनौती पेस गरेका छन् । कोशी प्रदेशसभामा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि ४१ सांसदले उठाएका प्रश्नको लिखित जवाफ दिँदै मुख्यमन्त्री कार्कीले समस्या र चुनौती पेस गरेका हुन् । जसमा अस्थिर सरकारका कारण प्रदेशलाई स्थापित गराउन र विकासका प्रयासलाई पूर्ण रूपमा कार्यान्वयन गर्न नसकेको, राजनीतिक परिवेश अस्थिर रहेको, निर्वाचन प्रणालीका कारण कुनै एक दलको बहुमत नभएको, संघीय कानुन र नीतिगत व्यवस्थामा ढिलाइ भएको तथा प्रदेशको आन्तरिक आय कमी भएको उल्लेख छ ।

कोशी प्रदेश सरकारको तर्फबाट प्रदेश प्रमुख परशुराम खापुङले जेठ २१ गते आगामी आर्थिक वर्ष २०८१-८२ का लागि सरकारको नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गरेका थिए । जसमा दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि, सामाजिक क्षेत्रको विकास र सामाजिक न्याय, संघीयताको सबलीकरण र सुशासनको प्रवर्द्धन, समन्यायिक एवं सन्तुलित विकास, आर्थिक विकासको लागि लगानीमैत्री वातावरण, योजनाबद्ध विकासको लागि प्रभावकारी स्रोत परिचालन, बजेट प्रणालीको सुधार र आर्थिक अनुशासन तथा दिगो विकास र जलवायु परिवर्तनलाई मुख्य सैद्धान्तिक आधारको रूपमा लिइएको छ ।

यस्तै कृषिको आधुनिकीकरण र व्यवसायीकरण, पर्यटन, वन तथा वातावरण संरक्षण, पूर्वाधार विकास, औद्योगिक विकास र निजी क्षेत्रको प्रवर्द्धन, स्वास्थ्य सेवा तथा सामाजिक विकास, कानुनी शासन र विपद् व्यवस्थापन, रोजगारी प्रवर्द्धन तथा गरिबी निवारण, सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह र सुशासनलाई प्राथमिकतामा राखिएको छ ।

प्रदेशसभामा जवाफ दिँदै मुख्यमन्त्री कार्कीले मध्य पहाडी लोकमार्ग क्षेत्रहरूमा पर्यटन र पूर्वाधार विकास, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत सेवाको व्यवस्थापन र कृषि उत्पादकत्वमा वृद्धि गरी स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विकास गरी आन्तरिक आप्रवासलाई रोक्दै खाली हुँदै गरेका पहाडलाई हराभरा बनाउने नीति लिएको बताए । आन्तरिक आय कमजोर बन्दै गएको र प्रदेश संरचना धान्ने चालू खर्च पनि नधान्ने अवस्थामा पुग्ने कुराप्रति सरकार चिन्तित रहेको बताउँदै उनले प्रदेशको आन्तरिक राजस्व अभिवृद्धि गर्ने कार्ययोजना तयार गरी आवश्यक नीतिगत, कानुनी तथा जनशक्ति सहितको संस्थागत व्यवस्था गरी आन्तरिक आय वृद्धि गर्ने जानकारी दिए । तथ्याङ्कमा आधारित नीति निर्माणमा सहयोग पुऱ्याउने गरी प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनसम्बन्धी कानुन तर्जुमा गर्ने, बेरुजू नहुने गरी कार्यसम्पादन गर्न तथा हाल कायम भएका बेरुजूहरू फर्स्यौटको कार्यलाई तीव्रता दिन बेरुजू न्यूनीकरण तथा फर्स्यौट सम्बन्धी कार्यविधि, २०८० को प्रभावकारी कार्यान्वयन गर्दै आर्थिक अनुशासन कायम गर्ने, सार्वजनिक यातायातलाई डिजिटलाइजेसन गरी सुरक्षित, मर्यादित, प्रविधिमैत्री यातायात सेवाको थालनी गर्ने, 'वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम' सञ्चालन गरी रोजगारी प्रवर्द्धन गर्ने, पूर्वाधारका बहुवर्षीय आयोजनालाई समयमै सम्पन्न गर्न आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्ने उनले बताए ।

यस्तै मुख्यमन्त्री कार्कीले ठुला आयोजना सुरु गर्दा प्रदेशलाई वित्तीय दबाब बढ्ने बताउँदै तत्काल नयाँ आयोजना निर्माण गर्न नसकिने जानकारी दिए ।

'प्रदेशको सार्वजनिक वित्तले दबाब र चाप व्यहोरिरहेको कारणले ठुला र नयाँ आयोजनालाई अघि बढाउन तत्काल नसकिएको अवस्था रहेको छ,' उनले भने, 'घिनाघाट विराटचौक सडक २ वर्षमा बनाउँछौं भनेको ५ वर्षमा पनि सकिएको छैन । अघिल्लो वर्ष हामीलाई वैशाख महिनामा सभा अर्ब पैसा आएन । अहिले अढाई अर्ब पैसा घट्ने देखियो । आगामी आर्थिक वर्षमा पनि आउने पैसा अझै घट्नसक्ने देखिन्छ । त्यसो हुँदा सुविचारित ढङ्गले मात्रै काम गर्नुपर्छ भनेर ठुला आयोजनाहरू निर्माण नगर्ने कि भन्ने भएको छ ।'

पहाडमा पानी खान नपाएर बसाइ सराई भइरहेको, स्वास्थ्य उपचार, शिक्षा र सुरक्षाको जोखिमले पनि मानिसहरू तराई झरिरहेको बताउँदै यस्ता कुरालाई ध्यान दिएरै नीति तथा कार्यक्रम ल्याइएको उनले बताए । सरकारको नीति तथा कार्यक्रममाथि प्रदेशसभाका सांसदहरू गोम्बु शेर्पा, राजन राई र निर्मला लिम्बूले संशोधन प्रस्ताव पेस गरेका थिए ।

उनीहरूको संशोधन प्रस्तावमा उल्लेखित विषयलाई समेट्ने मुख्यमन्त्रीले प्रतिबद्धता जनाएसँगै संशोधन प्रस्ताव फिर्ता भएको छ । यस्तै प्रदेशसभाको बिहीबारकै बैठकले सरकारको नीति तथा कार्यक्रम पारित भएको छ ।

# आयरल्याण्डलाई हराउँदै भारतको विजयी सुरुवात




एजेन्सी । आईसीसी टी-२० विश्वकप क्रिकेटमा भारतले विजयी सुरुवात गरेको छ।

बुधबार अमेरिकाको न्यूयोर्कमा भएको आफ्नो पहिलो खेलमा आयरल्याण्डलाई ८ विकेटले हराउँदै भारतले विजयी सुरुवात गरेको हो।

आयरल्याण्डले दिएको ९७ रनको सामान्य लक्ष्य भारतले १२ ओभर २ बलमा २ विकेट गुमाएर पूरा गऱ्यो। भारतका लागि कप्तान रोहित शर्माले ५२ र ऋषभ पन्तले ३६ रन बनाए। बलिङतर्फ आयरल्याण्डका मार्क ऐडेयर र बेन व्हाइटले समान १-१ विकेट लिए। त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको आयरल्याण्डले १६ ओभरमा अलआउट हुँदै ९६ रन मात्र बनाएको थियो। उसका लागि ग्यारेथ डेलानीले २६, जस लिटिलले १४, कर्टिस क्याम्फेरले १२ र लोर्कान टकरले १० रन बनाए।

आयरल्याण्डलाई सस्तैमा समेट्न भारतका हार्दिक पाण्डेयले ३, अर्शदीप सिंह र जसप्रित बुमराहले समान २-२ तथा मोहम्मद सिराज र अक्षर पटेलले समान १-१ विकेट लिए। प्रतियोगिताको समूह ए मा रहेका दुवै टोलीको यो पहिलो खेल हो।

# एकैदिन रोटरीको दुईवटा योजना हस्तान्तरण

मेचीनगर(प्रस) । अन्तर्राष्ट्रिय रोटरी डिष्ट्रिक ३२९२ नेपाल भुटान अन्तर्गत रोटरी क्लब अफ काँकरभिट्टाले एकैदिन दुईवटा आयोजना गरी सम्बन्धित पक्षलाई हस्तान्तरण गरेको छ । क्लबको 'सिक्नेचर प्रोजेक्ट' (वार्षिक क्यालेण्डर) अन्तर्गतको खानेपानी योजना र चिल्ड्रेन पार्क घेराबारा परियोजना हस्तान्तरण गरिएको हो ।

विहीबार आयोजित योजना हस्तान्तरण कार्यक्रमअन्तर्गत अन्तर र्राष्ट्रिय रोटरी डिष्ट्रिक ३२९२ को सहयोगमा काँकरभिट्टा बहुमुखी क्याम्पस परिसरमा निर्माण सम्पन्न शुद्ध पिउने पानी आयोजना क्याम्पसलाई र मेचीनगर नगरपालिका वडा नम्बर– ६ को सहयोगमा काँकरभिट्टा माध्यमिक विद्यालयमा निर्माण गरिएको चिल्ड्रेन पार्क घेराबारा परियोजना काँकरभिट्टा माविलाई हस्तान्तरण गरिएको हो । शुद्ध पिउने पानी आयोजना क्लवको वार्षिक योजना हो । हरेक वर्ष यो योजना क्लवको प्राथमिकतामा पर्ने गर्दछ । रोटरी क्लब अफ काँकरभिट्टाको पहिचान नै यो योजना हो ।

कार्यक्रमका प्रमुख अतिथि जोन ४३ का असिस्टेन्ट गर्भनर एजी सन्दिपदिपु चापागाई र रोटरी क्लब अफ काँकरभिट्टाका सन् २०२३–२०२४ का अध्यक्ष इन्जिनियर



रुद्र मैनालीले संयुक्तरुपमा काँकरभिट्टा बहुमुखी क्याम्पसका प्रमुख लक्ष्मीप्रसाद उप्रेतीलाई शुद्ध पिउने पानी आयोजनाको चाबी हस्तान्तरण गरे । साथै पानी पिएर योजनाको विधिवत उद्घाटनसमेत भएको छ । रोटरी क्लब अफ काँकरभिट्टाले यहाँका ६ वटा सामुदायिक विद्यालयमा योजना सम्पन्न गरी स्वच्छ पिउने खानेपानीको व्यवस्था गरिदिएको छ । रोटरीले स्वच्छ खानेपानीको सुविधा पुऱ्याउन नगरका विभिन्न ६ वटा विद्यालयमा खानेपानीको व्यवस्था गरिदिएको बताइएको छ । खानेपानीको धारा नपुगेका ग्रामीण भेगका विद्यालयमा त्यस्तो कार्यक्रम सञ्चालन गरिएको पूर्व अध्यक्ष कृष्णकान्त (नवराज) खनियाँले बताए । रोटरीले प्रत्येक वर्ष हेप्पी स्कूल कार्यक्रमअन्तर्गत स्थानीय सामुदायिक विद्यालयलाई स्वच्छ खानेपानी उपलब्ध गराउन त्यस्तो परियोजना सञ्चालन गर्दै आएको छ । सामुदायिक विद्यालयका विद्यार्थी तथा शिक्षकलाई लक्षित गरी बर्सेनि परियोजनामार्फत खानेपानीको व्यवस्था गरिँदै आएको हो ।

काँकरभिट्टा बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई शुद्ध पिउने पानीको निकै अभाव थियो । चैतको टन्टलापुर घामा तिर्खाएका विद्यार्थीहरु विद्यालयनजिकै गएर पानी पिएर तिर्खा मेट्न बाध्य थिए । तर, अब भने यो समस्याबाट क्याम्पस मुक्त भएको छ । रोटरीले क्याम्पसमा खानेपानी परियोजना सम्पन्न गरी हस्तान्तरण गरेर यहाँको ठूलो समस्या समाधान भएकोमा क्याम्पस प्रमुख उप्रेतीले खुशी व्यक्त गरे । धेरै कुराबाट समस्या झेलिरहेको यो क्याम्पसमा नगरका विभिन्न वडाबाट विद्यार्थीहरु पढ्नका लागि आउने गरेका छन् । क्याम्पस प्रमुख उप्रेतीले रोटरीले विश्व शान्ति, खानेपानी र सरसफाई, आधारभूत शिक्षा, विभिन्न रोगको उपचार तथा रोकथाम, आमा र नवजात शिशुको स्वास्थ्य उपचार, समुदायमा आधारित आर्थिक विकासका क्षेत्रमा पुर्याएको योगदानको प्रशंसा गरे । रोटरीले यसअघि समेत विभिन्न विद्यालयमा रचनात्मक कार्य गरेको भन्दैं उनले आगामी दिनमा समेत यस्ता कार्यले निरन्तरता पाउने विश्वास दिलाए । अब समाज रुपान्तरण र परिवर्तनमा सवै लाग्नुपर्ने उनको जोड थियो ।

अन्तर्राष्ट्रिय रोटरी ३२९२ नेपाल भुटान अन्तर्गत रोटरी क्लब अफ काँकरभिट्टाका सन् २०२३–२०२४ का अध्यक्ष इन्जिनियर रुद्र मैनालीको अध्यक्षतामा भएका कार्यक्रममा यसअघि नगरभित्रका विभिन्न विद्यालयमा ६ वटा खानेपानीका परियोजना सम्पन्न गरी हस्तान्तरण गरिसकेको क्लबका पूर्व अध्यक्ष कृष्णकान्त (नवराज) खनियाँले जानकारी दिए ।

यसैगरी, मेचीनगर नगरपालिका वडा नम्बर ६ को सहयोगमा काँकरभिट्टा माध्यमिक विद्यालयमा गरिएको चिल्ड्रेन पार्क घेराबारा परियोजना काँकरभिट्टा माविलाई हस्तान्तरण गरिएको छ । प्रमुख अतिथि वडा नम्बर ६ का वडाध्यक्ष ललितबहादुर तामाङको उपस्थितिमा विद्यालयका प्रधानाध्यापक हरिप्रसाद न्यौपानेलाई अन्तर्राष्ट्रिय रोटरी ३२९२ नेपाल भुटान अन्तर्गत रोटरी क्लब अफ काँकरभिट्टाका सन् २०२३–२०२४ का अध्यक्ष इन्जिनियर रुद्र मैनालीले चाबी हस्तान्तरण गरे।

अन्तर्राष्ट्रिय रोटरी ३२९२ नेपाल भुटान अन्तर्गत रोटरी क्लब अफ काँकरभिट्टाका सन् २०२३–२०२४ का सचिव भगिरथ राईले सञ्चालन गरेको परियोजना हस्तान्तरण कार्यक्रममा सहभागी सवैलाई सन् २०२४/२०२५ क्लबको प्रेसिडेन्ट इलेक्ट उदयकुमार श्रेष्ठले शव्दमार्फत स्वागत गरेका थिए । पूर्व अध्यक्षहरु कृष्णकान्त (नवराज) खनियाँ, दिलिप सुवेदी , राधिका गुरुङ, क्लबका सन् २०२३–२०२४ सहसचिव पेमा तामाङ, सन् २०२४/२०२५ क्लबका उपाध्यक्ष कृष्णराज पौडेल, प्रेसिडेन्ट इलेक्ट उदयकुमार श्रेष्ठलगायत रोटरियनहरुको बाक्लो उपस्थिति रहेको थियो ।

## माइग्रेसन प्रमाणपत्र हरायो

झापाको बिर्तामोड नगरपालिका ४ बस्ने म राजेश मल्लिकको +२ को माइग्रेसन प्रमाणपत्र बिर्तामोडबाट चन्द्रगढी जाने क्रममा मिति २०८०/११/१७ मा हराएको हुँदा फेला पार्नुहुने महानुभावले ९८२४६४४९७ मा खबर गरी दिनु हुन वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।
२०७८ सालको सिम्बोल न : २०४०९९४८
नाम : राजेश मल्लिक
ठेगाना :- बिर्तामोड ४, झापा
मोबाइल :- ९८४२६४४४९७

## विमालेख हरायो

मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेस कम्पनीको पोलेसी पेपर हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।
नामः गंगा देवी घिमिरे
ठेगानाः अर्जुनधारा ९, झापा
सम्पर्कः 9842711603
बीमा लेख नंः २००००८२४२
बिमा कम्पनीः लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.

# कृषियोग्य जमिनमा सिँचाइ पुऱ्याउने सरकारको लक्ष्य

झापा(प्रस) । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सिँचाइ मन्त्रालयसँग समन्वय गरी आगामी आर्थिक वर्षमा १५ हजार पाँच सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य लिएको छ ।

सरकारले यो कुरालाई नीति तथा कार्यक्रममा समावेश गरेको छ । देशभर ४१ लाख हेक्टर कृषियोग्य जमिन भए पनि हालसम्म पाँच लाख हेक्टरमा मात्र सिँचाइको पहुँच रहेको छ । आगामी आवमा १५ हजार पाँच सय हेक्टरमा सिँचाइ पुऱ्याउने लक्ष्य रहेको कृषि मन्त्रालयले जनाएको छ ।

कृषि मन्त्रालयले सिँचाइ र कृषिका कार्यक्रममा सामाञ्जस्यता कायम गरी सिंचित क्षेत्रमा सघन कृषि प्रसार सेवा प्रदान गरिने जनाएको छ ।




सिँचाइ सुविधा नपुगेका कृषि भूमिमा साना सतह तथा भूमिगत सिँचाइको प्रबन्ध गरिने कृषि मन्त्रालयले जनाएको छ ।

कृषियोग्य भूमिमा बर्षैभरि दिगो एवं भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन पूर्वाधार निर्माण र वितरण प्रणाली सुदृढ गरिने भनी नीति तथा कार्यक्रममा पनि उल्लेख गरिएको छ ।

तराई मधेशका तीन लाख १८ हजार हेक्टर खेतीयोग्य जमिनमा क्लस्टरमा आधारित स्यालो तथा डिप ट्युबवेलबाट सिँचाइ विस्तार गरिने उल्लेख गर्दै पहाडी तथा हिमाली क्षेत्रका नदी छेउछाउका कृषियोग्य टारमा सिँचाइ सुविधा विस्तार गर्न नदी बेसिनमा आधारित एकीकृत नदी बेसिन सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम अगाडि बढाइने बताइएको छ ।

त्यसैगरी प्रदेश र स्थानीय तहको सहकार्यमा लिफ्ट एवं भूमिगत सिँचाइका लागि विद्युत् सुविधा उपलब्ध गराइने सरकारको योजना रहेको छ ।

राष्ट्रिय गौरवका सिक्टा, बबई, रानीजमरा, कुलरिया, महाकाली तेस्रो, भेरी-बबई डाइभर्सन र सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण कार्यलाई तीव्रता दिइने योजना पनि सरकारले लिएको छ ।

सर्लाही र रौतहट जिल्लामा भूमिगत जलस्रोतमा आधारित नवीन यान्त्रिक सिँचाइ आयोजना र कैलाली जिल्लामा भूमिगत सिँचाइ आयोजना सुरु गरिने कृषि मन्त्रालयले जनाएको छ । कर्णाली प्रदेशमा 'एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम' कार्यान्वयन गरिने पनि भनिएको छ ।

भूमिगत जल भण्डारको पुनर्भरण र सिँचाइ सुविधा विस्तारका लागि पानी सञ्चय पोखरी निर्माणलाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । बृहत् सिँचाइ प्रणालीको मर्मतसम्भार, पुनर्स्थापना तथा व्यवस्थापन सुधारमा प्राथमिकता दिइने भनिएको छ ।

# डोमालाल राजवंशी रंगशालामा घेरावारा



झापा(प्रस)।पूर्वकै चर्चित बिर्तामोड ३ बिर्तबजारस्थित डोमालाल राजवंशी रंगशाला घेरावारा गर्न शुरु गरिएको छ । शहरी विकास तथा भवन कार्यालयको ५० लाखको बजेटबाट रंगशालालाई पक्की घेरावारा गर्न थालिएको हो । त्यस बजेटबाट रंगशालाको दक्षिणपट्टी १८० मिटर लम्बाई भएको कम्पाउन्ड वाल निर्माण गरिने भएको छ ।

करिव एक महिनाअघि संझौता भएको ठेक्काको म्याद असार १५ सम्म रहेको बताइएको छ । डोमालाल राजवंशी रंगशालामा घेरावारा शुरु गरिएको र क्रमागत रपमा चारैतिरबाट घेर्नेगरी अन्य बजेट खोज्ने पहल भइरहेको बिर्तामोड ३ का वडा अध्यक्ष मदन बुढाथोकीले बताए ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सरकारको निन्दनीय हर्कत

**सहकारी ठगीका पीडितहरूले बुधवार पोखरामा प्रधानमन्त्री पुष्पकमल दाहाललाई कालोझन्डा देखाउन खोज्दा प्रहरीले बल प्रयोग गरेर दमन गऱ्यो । केही दिनदेखि सहकारी ठगीका पीडितहरूले न्याय माग्दै पोखरामा विरोध प्रदर्शन गरिरहेका छन् ।**

**नेकपा (माओवादी केन्द्र)को कार्यक्रममा आएका दाहालले आफूलाई कालोझन्डा देखाउनुलाई प्रदर्शनकारीको 'ब्लन्डर' भनेका छन् । अहिलेको सरकार सहकारीपीडितका पक्षमा भएको नबुझीकन विरोध गरिएको उनको गुनासो थियो ।**

**दुर्भाग्य, प्रदर्शनकारीले 'ब्लन्डर' गरेको देख्ने प्रधानमन्त्री दाहालले शान्तिपूर्ण विरोध प्रदर्शनको दमन गर्न प्रहरीले गरेको ज्यादती भने देखेनन् । प्रदर्शनकारीको मुर्ख्याइँप्रति कटाक्ष गर्ने प्रधानमन्त्री दाहालले नागरिकमाथि बल प्रयोग गर्ने प्रहरीको ज्यादतीमा माफी भने मागेनन् । प्रधानमन्त्री दाहाललाई सहकारी ठगीका पीडितहरूले कालोझन्डा देखाउनु 'ब्लन्डर' हो वा होइन भन्ने विषयमा विवाद हुनसक्छ । तर, शान्तिपूर्ण विरोध प्रदर्शनलाई प्रहरी लगाएर दमन गर्नु भने निर्विवाद हैकमवादी अभ्यास हो ।**

**सरकार सहकारी ठगीका पीडितहरूको पक्षमा भएको प्रधानमन्त्रीको दाबीमा विश्वास गर्न सकिएला । तर, प्रदर्शनकारीहरू गृहमन्त्री रवि लामिछानेको नाम मुछिएको 'सूर्यदर्शन बचत तथा ऋण सहकारी'का बचतकर्ता हुन् भन्ने पनि बिर्सन मिल्दैन ।**

**सहकारी ठगीका विषयमा छानबिन गर्न बनेको संसदीय समितिलाई दिइएको कार्यादेशमा सूर्यदर्शन बचत तथा ऋण सहकारीको नाम पनि उल्लेख गरिएको छ । यसैले लामिछाने सरकारमा भएका कारण प्रधानमन्त्रीप्रति पनि आक्रोश व्यक्त भएको हुनसक्छ ।**

**समुद्र र ब्रह्माको वार्तालापको एउटा पौराणिक कथाबाट पोखरामा प्रधानमन्त्री दाहालविरुद्ध कालोझन्डा प्रदर्शनको कारण बुझ्न सहज हुन्छ । सीता खोज्न लङ्का जाने क्रममा रामले पुल बाँध्न थालेपछि गुनासो गर्न गएका समुद्रलाई ब्रह्माले रावणको छिमेकी भएकाले बाँधिनु परेको भन्ने उत्तर दिएका थिए ।**

**जेहोस्, सहकारी ठगीको संसदीय समितिले छानबिन गर्न थालेको छ । पीडितहरूले न्याय पाउने र दोषीले सजाय भोग्ने आशा गर्नु अनुचित नहोला । तर, न्याय नपाउँदासम्म पीडितहरूलाई हारगुहार गर्दा वा राज्यको ध्यानाकर्षण गर्न खोज्दा दमन गर्नु भने निन्दनीय हर्कत नै हो ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# नेतृत्व, सुशासन र विकास



• शिवराम न्यौपाने

सुशासन विकासको अनिवार्य आधारशिला हो । सुशासन कायम भए मात्र विकासले गति लिन सक्छ । विकासका नीति, योजना, रणनीति र कार्यक्रम कार्यान्वयन गर्ने वातावरण कायम हुन सकेमा मात्र उपलब्धि हासिल हुन सक्छ । सुशासनको अवरोधकका रूपमा रहेको भ्रष्टाचार र अनियमितताका कारण सरकारले सञ्चालन गर्ने गरेका विकासका कार्यबाट अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन । जीवन निर्वाहका आधारभूत सेवा शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, खाद्यान्न, आवासलगायतका वस्तु अझै सर्वसुलभ हुन सकेको छैन । आधारभूत आवश्यकताको सुविधालाई दुर्गम क्षेत्रसम्म पुऱ्याउने र जनतालाई सुशासनको अनुभूति गराउने कामले पूर्णता पाउनै सकेन । आधार भूत वस्तु एवं सेवाको सहरी क्षेत्रमा देखिएको उच्च मूल्यका कारण जनतामा निराशा बढ्दै गएको छ ।

सरकार र जनताको मिलनविन्दु सार्वजनिक सेवा प्रवाह केन्द्र हो । यस्तो सेवा प्रवाहलाई सर्वसुलभ गराउने कार्यलाई उच्च महत्व दिन सकिएको छैन । महँगी, कृतिम अभाव, ठगी, कालोबजारी जस्ता विकृति बढ्दो क्रममा छन् । यस्ता विकृति बढ्दै जानुमा प्रत्यक्ष/परोक्ष राजनीतिक सञ्जालको भूमिका रहेको आमसर्वसाधारणको गुनासो छ । मुलुकको समग्र विकासको जिम्मेवार संयन्त्र राजनीतिक नेतृत्वले समग्र विकास प्रक्रियालाई गति दिनेतर्फ जिम्मेवार र उत्तरदायी हुन आवश्यक छ ।

सरकारले आवधिक रूपमा सञ्चालन गर्ने आर्थिक तथा सामाजिक विकासका कार्यले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको तथ्य यथार्थ हो । अनुत्पादक प्रशासनिक खर्च, प्रक्रियागत झन्झट, कर्मचारीतन्त्रको परम्परागत सोच र व्यवहार, राजनीतिक नेतृत्वको विकासमा भन्दा सत्तामोहको बढ्दो चाहले विकासको गति अघि बढ्न सकेको छैन । पटक पटकको राजनीतिक व्यवस्था परिवर्तन र शासन प्रणालीको सुधारका कार्यले विकासको गतिलाई सघाउ पुऱ्याउन सकेको छैन । राजनीतिक व्यवस्थाको परिवर्तनपश्चात् कार्यान्वयनमा आउने गरेका नयाँ संविधान, नीति, रणनीति, कानुनी प्रक्रियागत कार्यलगायत प्रशासनिक एवं सामाजिक संरचनाले मुलुकको समग्र विकास र समृद्धिलाई उच्च प्राथमिकतामा राखेको पाइएको छ । यस्ता दस्ताबेजको भावना अनुरूप वार्षिक रूपमा आउनुपर्ने कार्यक्रमलाई व्यवहरतः सम्बोधन गर्न नसक्दा अनुत्पादक प्रशासनिक खर्च बढ्दै जाने तर विकासमा चाहे जस्तो उपलब्धि हुन सकेको छैन । विकास र समृद्धिका लागि भएको लामो समय र स्रोतका लगानीको तुलनामा उत्पादन वा सेवा क्षेत्रमा देखिएको निराशाजनक अवस्थाले सुशासनप्रति शङ्का लाग्नु स्वाभाविक हो ।

राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, पेशागत संघ संस्था, सामाजिक संघ संस्था, ठेकेदार समेतको कमजोर भूमिकाका कारण मुलुकको समग्र विकास अभियानमा विभिन्न कठिनाइ उत्पन्न भएका छन् । विकासका लागि समानान्तर रूपमा सहकार्य हुनुपर्ने यस्ता क्षेत्रको नेतृत्वमा नैतिक अनुशासन, इमानदारी र राष्ट्रिय हितको भावनाको कमी देखिएको आभास हुँदै छ । व्यक्ति, समूह, गुटका लागि काम गर्ने गराउने प्रवृत्ति बढेको कारण संघीय तहदेखि स्थानीय तहसम्म सार्वजनिक हितका कार्यले गति लिन सकेको छैन । सार्वजनिक काम एवं सम्पत्तिलाई माध्यम बनाई व्यक्ति वा समूहको गैरकानुनी लाभका लागि काम गर्ने/गराउने प्रतिस्पर्धा बढेको छ ।

राज्यका विद्यमान कानुनी एवं पद्धतिगत व्यवस्थाको गलत व्याख्या गर्ने प्रवृत्तिका कारण विकास निर्माण, सार्वजनिक खरिद, राजस्व सङ्कलनलगायतको क्षेत्रमा राज्यले ठुलो नोक्सानी बेहोर्नु परेको छ । पूर्वाधार आयोजना महँगा र कम गुणस्तरका हुनुका साथै अस्वाभाविक मर्मत सम्भार खर्चका कारण यस्ता आयोजना सञ्चालन गर्न कठिन हुँदै गएको छ । असुरक्षित र कम गुणस्तरका पूर्वाधार निर्माणको कार्यले मानव जीवन नै जोखिममा पर्ने खतरा बढेको छ । स्वदेशी एवं विदेशी उद्योगी, व्यापारी इमानदार भई लगानीका लागि स्वतःस्फूर्त हुन सकेका छैनन् । सुशासन कमजोर भएकाले प्रत्यक्ष वैदेशिक लगानी ल्याउन कठिन हुँदै गएको छ ।

सुशासनको मुख्य आधार कानुनी शासन, इमानदारी एवं पारदर्शिता हो । मसौदा कानुन, पद्धति, कार्य संस्कार, नैतिक अनुशासनलगायतका क्षेत्रलाई सुदृढ गर्ने र निहित स्वार्थका लागि कानुन र पद्धतिको गलत व्याख्या नगर्ने नगराउने प्रवृत्ति विकास गर्नु जरुरी छ । मूलतः राजनीतिक क्षेत्र, कर्मचारीतन्त्र, ठेकेदार, पेसागत संघ संस्थाको मिलेमतोको प्रवृत्तिले सुशासनका लागि जिम्मेवारी लिनुपर्ने अधिकांश क्षेत्र उत्तरदायी हुन सकेका छैनन् । यसले गर्दा व्यक्ति वा समूहको स्वार्थका लागि मिलेमतो, गठबन्धन, साँठगाँठ, अनियमित सहकार्य गर्ने प्रवृत्ति स्थानीय तहसम्म बढेका कारण राज्यका सबै संयन्त्रमा सुशासन कमजोर भएको देखिएको छ । यस सन्दर्भमा राजनीतिक नेतृत्वले सार्वजनिक पदमा रहदा आफ्नो र दलको स्वार्थका लागि नभई देश र जनताको सेवा गर्ने/गराउने प्रतिबद्धता र नैतिक अनुशासन कायम गर्नुपर्ने भएको छ । राजनीतिक नेतृत्व देशको समग्र शासनको मुख्य मियोसमेत भएकाले यस क्षेत्रको सुधारबाट नै राज्यका अन्य सबै संयन्त्र स्वाभाविक रूपमा सुशासनको अभ्यासमा समाहित हुने यथार्थलाई मनन गर्नु पर्छ ।

सरकारी संयन्त्रले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तरका आधारमा सरकारको विश्वसनियता जोगिने गर्छ । सरकारी निकायबाट गरिने काम छिटो, छरितो, सहज, पारदर्शी हुन सक्दा मात्र भ्रष्टाचार गर्ने/गराउने प्रवृत्ति नियन्त्रण हुन्छ । मुलुकको समग्र विकासको मुख्य आधार मानिने कृषि क्षेत्रको व्यवस्थापनमा इमानदारी र नैतिक अनुशासन कायम गर्न सकिएको छैन । उद्योग, व्यापार, पर्यटन, दैनिक जीवन निर्वाह, रोजगारीलगायतको क्षेत्रमा मुख्य योगदान दिन सक्ने कृषि क्षेत्रको व्यवस्थापनमा सुशासन कायम हुन नसकेको महसुस गरिएको छ । कृषि क्षेत्रको अनुदान कृषकमा नपुग्ने र पुगे पनि ठुलै कमिसन दिएर मात्र कृषकले पाउनु पर्ने गुनासा रहेका कारण कृषकको उत्प्रेरणा ह्रास हुँदै गएको छ । कृत्रिम कृषक खडा भई अनुदान कब्जा गर्ने र वास्तविक कृषक अनुदानबाट वञ्चित हुने गरेको गुनासा प्रशस्त आउने गरेका छन् ।

स्वास्थ्य सेवा व्यवस्थापनमा समेत अनियमितता हुने गरेको गुनासा छन् । सरकारले निःशुल्क वितरण गरिने भनी घोषणा गरेका औषधी लक्षित वर्गले पाउन नसकेको र यस्ता औषधी स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारीमार्फत निजी क्लिनिकबाट अनियमित रूपमा बिक्री वितरण हुने गुनासा पनि सँगसँगै आउने गरेका छन् ।

सार्वजनिक कार्यको स्वाभाविक गतिशीलताका लागि मसौदा नीति, योजना, रणनीति, कानुन, पद्धतिलाई मुख्य आधार बनाउने संस्कार विकास गर्नु जरुरी छ । व्यक्ति, समूह, दलको स्वार्थका लागि गैरकानुनी दबाब दिने, कानुन एवं प्रक्रियाको गलत व्याख्या गरी आफ्ना व्यक्तिलाई लाभ पुऱ्याउने कार्य नियन्त्रण गर्न आवश्यक छ । सुशासन कायम गराउने संयन्त्रको नेतृत्व राजनीतिक व्यक्ति हुन्छ । केन्द्रीय तहदेखि वडा तहसम्म राजनीतिक नेतृत्वले मुलुकमा सुशासन कायम गराउन छिटोभन्दा छिटो अग्रसरता लिनु पर्छ । राज्यका सबै संयन्त्रमा सुशासन सुदृढ गर्न राजनीतिक नेतृत्वको सोच र व्यवहार परिवर्तन हुनु जरुरी छ । राजनीतिक नेतृत्वको सोच अनुरूपको नीति, योजना, कार्यक्रमलाई विश्वसनीय रूपमा कार्यान्वयनमा ल्याउने जिम्मेवारीमा रहेको कर्मचारीतन्त्रले आफ्नो कार्य प्रवृत्ति र आचरणमा सुधार्न ढिला भइसकेको छ ।

सरकारको सफलता वा असफलताको मापन गर्ने मुख्य सूचक सुशासन हो । सुशासनबिना न विकासको गति अगाडि बढ्न सक्छ न त सामाजिक न्याय नै प्राप्त हुन्छ । यस सन्दर्भमा सुशासन र समृद्धिको नारा लिएर जनतासामु प्रतिबद्ध भएका राजनीतिक नेतृत्वले आफ्ना सोच, व्यवहार र कार्यप्रति सिंहावलोकन गर्ने समय भइसकेको छ । सरकारप्रतिको जनताको विश्वास कायमै राख्न राजनीतिक नेतृत्वले आफ्ना हरेक कार्य एवं व्यवहारमा सुशासनका अवयवलाई अन्तरसम्बन्धित गराउनु अनिवार्य छ । वर्तमान सरकार सुशासन कायम गराउन दृढताका साथ लागेको छ, त्यसमा कर्मचारी संयन्त्रले पूर्ण रूपमा साथ र सहयोग गर्नु पर्छ । राजनीतिक नेतृत्वलाई दोष थोपरेर मात्र सुशासन कायम हुने होइन ।

संविधानको भावना अनुरूप सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको नीतिलाई सोच र व्यवहारमा आत्मसात् गर्नु आवश्यक छ । सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन इमानदारपूर्वक बिनापूर्वाग्रह कामको नेतृत्व गर्नु जरुरी छ । कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासनका माध्यमबाट मात्रै सुशासन स्थापित हुने हो । राज्यका तीनै तहका सरकारले जनभावना बुझेर सुशासन स्थापित गराउने दिशामा अघि बढ्न अब ढिला गर्नु हुँदैन ।

# पर्यटनबाटै अर्थतन्त्रको विकास



• डा. अर्जुनकुमार खड्का

नेपालको संविधानको धारा ११९ बमोजिम संघीय संसद्मा जेठ १५ गते आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत भई छलफलमा रहेको अवस्था छ । यस बजेटले पाँच उद्देश्य, पाँच प्राथमिकता तथा पाँचै रणनीति लिएको छ । साथै, बजेटले धेरै विषयलाई समावेश गर्ने कार्य गरेको र तीमध्ये पर्यटन प्रवर्धनलाई विदेशी मुद्रा आर्जनको दृष्टिकोणबाट अहम् रूपमा लिएको छ । बजेट कार्यान्वयनको अवधिमा सोह्र लाख पर्यटक भित्र्याउने गरी पर्यटन प्रवर्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तय गरिएको छ ।

बजेटमार्फत आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालनलाई जोड दिइने छ । उपलब्ध स्रोतसाधन एवं आर्थिक विकासको प्रतिफल न्यायोचित वितरण गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधनका साथै स्रोतको अधिकतम परिचालन गरिने छ । यसबाट छ प्रतिशत आर्थिक वृद्धि गर्न बजेटको प्राथमिकता तथा उद्देश्यले जोड दिएको छ । यसको अतिरिक्त बजेटले आर्थिक नीति कार्यान्वयन गर्दै विभिन्न कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने मूल सोच पनि लिएको छ । समग्रमा बजेटले सुशासन, सामाजिक न्याय र समृद्धिको सोचसहित सोह्रौँ योजनालाई समेत समावेश गरेको कुरामा प्रतिबद्धता व्यक्त गरेको छ । साथै नागरिकको जीवनमा अनुभूति हुने गरी परिवर्तन गर्न सघाउ पुग्ने गरी बजेट तर्जुमा भएको पाइन्छ ।

नेपालको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र संवर्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार एवं प्रवर्धन गरी अन्तर्राष्ट्रिय रूपमा नेपाललाई आकर्षक तथा भरपर्दो पर्यटन स्थलको रूपमा विकास गरेर राष्ट्रिय उत्पादन, विदेशीमुद्रा आर्जन र रोजगारीका अवसरको सिर्जनामा अधिकतम वृद्धि गर्न सक्ने अवसर रहेको छ । तथापि सोह्र लाख पर्यटक भित्र्याउनका लागि धेरै चुनौतीचाहिँ रहेको देखिन्छ । मुख्य गरी हवाई उड्डयनलाई सुरक्षित, भरपर्दो बनाई नेपाललाई आकर्षक पर्यटकीय स्थलको रूपमा विकास गरी अन्तर्राष्ट्रिय पर्यटनमा नेपालको छविलाई उच्च एवं मर्यादित ढङ्गबाट स्थापित गर्नुपर्ने छ । यसको अलावा पर्यटकलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्याको निराकरणका उपाय पत्ता लगाउन आवश्यकता अनुसार सार्थक तथा व्यावहारिक रूप दिनुपर्ने देखिन्छ । यस्तै पर्यटकीय स्थलको विकास गर्दा खास गरी ग्रामीण पर्यटकीय स्थलको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रम सञ्चालन गर्न स्थानीय समुदायलाई उत्प्रेरित गर्नुपर्ने आवश्यकता छ ।

हवाई यातायातबाट राष्ट्रलाई अधिकतम फाइदा प्राप्त हुने गरी सिभिल एभिएसनको विकासलाई प्रोत्साहन हुने परिस्थिति सिर्जना गर्न सिभिल एभिएसनलाई नियन्त्रित र व्यवस्थित गर्नु पर्छ । साथै नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कका लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन र एयर ट्रान्सपोर्टेसन सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ ।

पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, संवर्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा सुविधा विस्तार, जनशक्ति विकास र पर्यटकीय स्थलको पर्यावरण संरक्षण गर्ने कार्यका सम्बन्धमा आवश्यक कार्यक्रम कार्यान्वयन गर्नु पर्छ । यसै गरी आकर्षक पर्यटकीय स्थलको रूपमा विकास गर्ने र पर्यटकका लागि सुविधा वृद्धि गर्ने कार्यक्रमको अभाव पनि देखिएको छ । पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधार तयार गर्नु पर्छ । सोही अनुसार कार्यक्रम, पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्धन गर्न विविध क्रियाकलापमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्नु पर्छ । पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारको व्यवस्थित र प्रभावकारी ढङ्गले उपयोग गरी पर्यटकलाई देशको धार्मिक र सांस्कृतिक महत्वका स्थल, उच्च हिमशृङ्खला तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउने विषयमा पनि जोड दिनु पर्छ ।

पर्यटन व्यवसायसँग जोडिएको अर्को पाटो हवाई उड्डयनको विकासका लागि बजेटमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको दोस्रो टर्मिनल भवन निर्माण कार्य सुरु गर्ने उल्लेख छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल सार्वजनिक तथा निजी साझेदारीमा निर्माण गर्ने कुरामा पनि जोड दिइएको छ, जुन कुरा आवश्यक नै थियो किनकि नेपालसँग हवाई सम्झौता गर्ने राष्ट्रको संख्यामा धेरै वृद्धि भएको छ । अहिले नेपालबाट विभिन्न देशका ४३ स्थानभन्दा बढी ठाउँमा करिब ३२ भन्दा बढी वायुसेवाले सेवा प्रदान गर्दै आएका छन् । यो संख्या बढ्दो क्रममा रहेको देखिन्छ तर युरोपेली देशले उठाउँदै आएको हवाई सुरक्षाको विषयलाई बजेटले सम्बोधन गरेको देखिँदैन । यसमा मुख्य गरी नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ लाई दुई भागमा विभाजित गरी नियमन गर्ने र कार्यान्वयन गर्ने निकाय फरक फरक गरी अन्तर्राष्ट्रिय मान्यता अनुरूपको कानुनी व्यवस्था हुनुपर्ने कुरामा युरोपियन युनियनले विगत लामो समयदेखि उठाउँदै आएको छ ।

विमानस्थलको निर्माण, स्तरोन्नति र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विमानस्थल तथा एयर नेभिगेसन सेवा सञ्चालन गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्ने कार्यका लागि नेपाल हवाई सेवा प्राधिकरणसम्बन्धी विधेयक र सोबाहेक अन्य कार्य गर्नका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको विधेयकको व्यवस्था गर्नुपर्ने छ । तत् अनुरूप कार्य गर्ने अभिप्रायले नै २०७६ सालमा सङ्घीय संसद्मा दुई वटा विधेयक प्रस्तुत भएको थियो तर प्रतिनिधि सभाको कार्यकाल समाप्त भएकाले उक्त दुई वटा विधेयक पारित हुन सकेन । यसले नेपालको वायुसेवाले युरोपबाट सोझै पर्यटक ल्याउन नसक्ने अवस्था बनेको छ । यस्ता विषयमा बजेट मौन छ । हुन त नेपालले हवाई उडान सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदन गरी राष्ट्रिय कानुनमा पनि तदनुकूल समसामयिक सुधार गर्दै आएको छ तर हवाई क्षेत्रको नियमन र कार्यान्वयन गर्ने दुई निकायको आवश्यकता रहेको भनेर अन्तर ाष्ट्रिय समुदायले जोड दिँदै आएको छ । पर्यटकलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायको क्रियाकलापमा समन्वय कायम गर्नु पर्छ । कतिपय अवस्थामा नेपाल सरकार, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रबिच समन्वय हुन सकेको छैन । समन्वय नहुँदा पर्यटन क्षेत्रको गुणस्तर कायम हुन सक्दैन ।

वास्तवमा नेपालभित्र सीमित अन्तर्राष्ट्रिय वायुयानले आफ्नो सेवा प्रदान गर्दै आएकोमा २०५० सालमा सरकारले लिएको खुला हवाई नीतिको कारण अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा धेरै देशका वायुयानले आफ्नो सेवा प्रदान गर्दै आएका छन् । स्वदेशभित्र पनि धेरै निजी वायुसेवाले सेवा दिँदै आएका छन् । यसले नेपालमा हवाई सेवाको विकास तथा विस्तार भइरहेको पुष्टि गर्छ । त्यसैले विश्वव्यापी रूपमा हवाई उडानलाई सुरक्षित तवरले सञ्चालन गर्नका लागि इन्टरनेसनल सिभिल एभिएसन अर्गनाइजेसन (आइसिएओ) ले निर्धारण गरेको मापदण्डलाई नेपालले प्राथमिकता दिएको अवस्था छ तर नेपालमा हवाई उडानसम्बन्धी कानुनी प्रावधानमा समयानुकूल परिमार्जन गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलसँग सम्बद्ध व्यवस्थापनलगायत विभिन्न निकायमा कार्यरत व्यक्ति, पदाधिकारी तथा निकाय, निकायबिचको सहयोग, समन्वय, सद्भाव र आफ्नो कामप्रति इमानदारी जस्ता कुरामा सुधार गर्न सके नेपालको नागरिक उड्डयन क्षेत्रको विकास हुने छ ।

अन्त्यमा, माथि उठान गरिएका विषयवस्तुलाई समयमै सम्बोधन भएमा बजेटले लिएको १६ लाख पर्यटक भित्र्याउने लक्ष्य हासिल हुन सक्छ । साथै, संघीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गर्न बजेटले जोड दिएको छ । साथै संघीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टीगत आर्थिक स्थायित्व कायम गर्न र संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्नेलगायतका कुरामा पनि जोड दिएको पाइन्छ । यसर्थ, बजेटले लिएको नेपालमा १६ लाख पर्यटक भित्र्याउने लक्ष्यसहित नेपालको संविधानले परिकल्पना गरेको दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण हुन बजेट कार्यान्वयनले सघाउने छ । आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य पनि पूरा हुने छ ।

# वराहक्षेत्र मन्दिरमा एक करोड भेटी संकलन

झापा(प्रस) । सुनसरीको वराहक्षेत्र मन्दिरमा एक महिनासम्म लागेको बाह्रवर्षे पूर्ण महाकुम्भ मेलामा एक करोडभन्दा बढी भेटी संकलन भएको छ । मन्दिरमा रसिदबाट एक करोड ३० लाख ९२ हजार आठ सय ९३, गुप्तदानबाट ३२ हजार दुई सय ४३, दानपेटिकाबाट तीन लाख २६ हजार एक सय १८, वराह पुराण मण्डप भेटीबाट एक लाख ५३ हजार ८८, गुप्त वराह रसिदबाट तीन लाख ४३ हजार छ सय नौ, वराह कुण्डबाट ११ हजार दुई सय ५५ रुपैयाँको नोट र सिक्काबाट दश हजार एक सय, चामल बिक्रीबाट १६ हजार दुई सय ५० भेटी सङ्कलन भएको हो ।

वराहक्षेत्र मन्दिर गुठी व्यवस्थापन समितिले सार्वजनिक गरेको प्रतिवेदनमा एक करोड ३९ लाख ८५ हजार पाँच सय ५६ रुपैयाँ सङ्कलन भएको उल्लेख गरिएको छ । वराहक्षेत्र मन्दिरमा दर्शन र पूजापाठ गर्न पुगेका तीर्थालुहरुले एक महिनासम्म चढाएको भेटी सङ्कलन गरी सार्वजनिक गरिएको मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष भक्तबहादुर श्रेष्ठले जानकारी दिए । समितिले मेला सञ्चालनका लागि गरेको खर्चको विवरणसमेत सावर्जनिक गरेको छ ।




गुठी व्यवस्थापन समितिले गरेको खर्चमा गेट निर्माण गर्दा तीन लाख ३८ हजार पाँच सय ९९, टेन्ट पाल तथा सजावट खर्च एक लाख ३३ हजार सात सय, मन्दिरमा रङ्गरोकन खर्च एक लाख ६८ हजार सात सय ९३, विद्युत् व्यवस्थापन खर्च तेह्र हजार आठ सय, आवास खर्च ३६ हजार, स्टेसनरी खर्च १४ हजार एक सय २५, यातायात तथा इन्धन खर्च एक लाख २८ हजार सात सय ९०, खानेपानी व्यवस्थापन खर्च बीस हजार, इन्टरनेट खर्च तीन हजार, ब्यानर छपाइ खर्च एक लाख १० हजार ७०, दुई लाख १० हजार दुई सय, फर्निचर खर्च एक लाख ५४ हजार, अतिथि सत्कार खर्च पाँच लाख ४७ हजार नौ, सम्मानपत्र निर्माण खर्च ४९ हजार पाँच सय, स्नानघाट तथा शौचालय निर्माण खर्च ३३ हजार, नौमती बाजा खर्च सात हजार पाँच सय, स्वास्थ्य खर्च ३२ हजार दुई सय, साउण्ड सिस्टम भाडा एक लाख १२ हजार, अप्रेटर खर्च ३४ हजार, सि. सी. क्यामेरा जडान खर्च एक लाख ३६ हजार, काउन्टर सञ्चालन खर्च पाँच लाख ३३ हजार, भोजन तथा भण्डारण खर्च ३६ लाख ९ हजार एक सय ६२, अनुदान सहयोग गुप्ता वराह १२ लाख ६४ हजार नौ साय ९९ भएको हिसाब सार्वजनिक गरिएको छ । समितिले ४४ लाख ६६ हजार पाँच सय सात रुपैयाँको खर्च विवरण सार्वजनिक गरेको हो ।

भेटीबाट सङ्कलन भएको रकमबाट मेलामा भएको खर्च कटाएर बाँकी रहेको रमकले वराहक्षेत्र मन्दिरको बृहत् गुरुयोजना बनाएर मन्दिरकै विकासको निमित्त रकम खर्च गरिने गुठी व्यवस्थापन समितिले जनाएको छ । समितिले सङ्कलित रकमबाट आध्यात्मिक विकासको क्षेत्रमा लगानी गर्ने समितिका अध्यक्ष भक्तबहादुर श्रेष्ठले बताए । समितिका अध्यक्ष श्रेष्ठका अनुसार वराहक्षेत्र मन्दिरको लक्षित कार्यक्रमका शीर्षकहरुमा समेत रकम खर्च गरिने छ । मन्दिर क्षेत्रमा रहेको जीर्ण सार्वजानिक शौचालय, धर्मशाला, श्राद्धस्थल, विश्रामालय, गौशाला निर्माण, अनाथ आश्रमलगायतका क्षेत्रमा काम गर्दै जाने बताइएको छ । प्राचीन पूर्वीय संस्कृति तथा परम्पराअनुसार वराहक्षेत्र धाममा रहेको वराह भगवान् विष्णुका १० अवतारमध्ये तेस्रो अवतार हुन् । सत्ययुगमा डुब्न लागेको पृथ्वीलाई भगवान् वराहले जङ्गली जनावर बँदेलको रूप धारण गरी संसारभरका प्राणीहरूको रक्षा गरेर संसारलाई स्थायित्व दिएको हिन्दुशास्त्रमा उल्लेख छ । पौराणिक कथा अनुसार भगवान् वराह तथा वराहक्षेत्र धामलाई संसारको पहिलो धामको रूपमा व्याख्या गर्ने गरिएको छ ।

# शिवसताक्षी ६ मा सार्वजनिक सुनवाई

शिवगञ्ज(प्रस) । शिवसताक्षी नगरपालिका ६ नं वडा कार्यालयले सेवा प्रवाह, विकास निर्माण र वडामा संचालन भएका योजना तथा कार्यक्रमको प्रभावकारीताका विषयमा सार्वजनिक सुनवाई सम्पन्न गरेको छ । चालु आर्थिक वर्ष ०८०/०८१ मा सम्पादन भएका विकास निर्माणको प्रभावकारीता, सेवा प्रवाहको गुनासो वा सन्तुष्टिलगायतका विषयमा गुनासो सुनुवाई गर्ने उद्धेश्यले वडाले आफ्नै कार्यालय परिसरमा सार्वजनिक सुनवाई कार्यक्रम बुधबार आयोजना गरेको थियो । सो कार्यक्रममा २१७ जना वडाबासीको सहभागिता थियो । वर्षभरि गरेका योजना तथा प्रदान गरिएका सेवाको पारदर्शिता सुनिश्चित गर्नका लागि वडाले प्रत्येक वर्ष सार्वजनिक सुनुवाई गर्ने गरेको वडा अध्यक्ष मनोज खुलाल कार्कीले बताए । उनले वडाबासी, जनप्रतिनिधि र वडाका कर्मचारीबिच यस्तो कार्यक्रमले सम्बन्ध सुमधुर हुने बताए । ' वडाले संचालन गरेका हरेक योजना वडाबासीले जानकारी पाउनु उहाँहरुको अधिकार हो । उहाँहरुको अधिकारलाई यो कार्यक्रम आयोजना गरेर वडा स्वयम्ले सुरक्षित गरिदिएको हो, उनले भने । वडाबाट चालु आवमा संचालन भएका योजना र कार्यक्रमको प्रतिवेदन पनि वडा अध्यक्ष खुलालले सार्वजनिक गरेका थिए । उनले चालु खर्चतर्फको आर्थिक विकासतर्फ ७५ हजार, सामाजिक विकास तर्फ १३ लाख २५ हजार, सुशासन तथा अन्तर सम्बन्धि क्षेत्रमा २ लाख, कार्यालय संचालन तथा प्रशासनिक तर्फ १ लाखको योजना तथा कार्यक्रमको बारेमा जानकारी गराएका थिए । यस्तै पूजिगत खर्चतर्फ आर्थिक विकास २ लाख २५ हजार, सामाजिक विकास तर्फ २ लाख २५ हजार र पूर्वाधार विकासतर्फ ३८ लाख ५० को योजना र कार्यक्रमका बारेमा सहभागीलाई अवगत गराएका थिए । कार्यक्रममा प्रमुख अतिथि शिवसताक्षी नगरपालिकाका प्रमुख मेगाहाङ थोप्राले कार्यक्रम अवधिभर बसेर जनताका सुझाव, गुनासो र नगर तथा वडाका सवल पक्षका बारेमा जानकारी लिएका थिए । उनले यस्तो कार्यक्रमले जनप्रतिनिधि र कर्मचारीलाई थप जिम्मेवारी बनाउने बताए । नगर प्रमुख थोप्राले बजार अनुगमन, शिक्षामा भएका बेथिति, किसानका समस्या, स्वास्थ्य बिमा कार्यक्रममा सेवाग्राहीले पाउने औषधी लगायतका विषयमा यो कार्यक्रमबाट नगरको ध्यानाकर्षण भएको बताए । कार्यक्रममा सेवाग्राहीले राखेको गुनासो वा सुझावको नगर प्रमुख मेगाहाङ थोप्रा (रोशन), वडा अध्यक्ष मनोज खुलाल कार्की, प्रशासन शाखा प्रमुख डिल्ली नेपाल, कृषि शाखा प्रमुख रबिन भट्टराई, सहकारी शाखा प्रमुख बद्री दाहाल, जन आदर्श माध्यमिक विद्यालयका प्रधानाध्यापक तुलसीप्रसाद अधिकारी, राष्ट्रिय वाणिज्य बैंकका शाखा प्रमुख घनश्याम निरौला, खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष लोकबहादुर रोक्का, प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज शिवलाल सिंह राजवंशी, दुधे आयुर्वेद औषधालयका प्रमुख कविराज राजेन्द्रप्रसाद पोखेललगायतले जवाफ दिएका थिए । सताक्षी मिडिया प्रालिको सहकार्य रहेको सो कार्यक्रमको सहजीकरण पत्रकार विनोद सापकोटाले गरेका थिए । यसैबिच सो वडा कार्यालयका निवर्तमान वडा सचिव बिमल बाँस्कोटालाई दोसल्ला, सम्मानपत्र र अविरद्वारा सम्मान गरिएको छ । विश्व वातावरण दिवसको अवसर पारेर वडा कार्यलयमा वहाल रहँदा स्तरबृद्धि भई नगरमा राजश्व शाखा प्रमुखको रुपमा पदस्थापन भएका बास्कोटालाई नगर प्रमुख थोप्रा, वडा अध्यक्ष खुलाल, उपप्रमुख नरमाया कार्कीलगायतले सम्मान गरेका थिए । कार्यक्रममा वडा सदस्य गोमा रिजालले स्वागत मन्तव्य राखेकी थिइन् । सताक्षी मिडियाले १ सय वडाबासीको नागरिक अभिमत संकलन गरेको थियो । सो अभिमतको परिणाम अनुसार ८२ प्रतिशत वडाबासी वडाले संचालन गरेका बिकास निर्माण, सेवा प्रवाह र संचालन भएका कार्यक्रमप्रति खुसी व्यक्त गरेका थिए ।



# कोशीका विवादास्पद मेसु झालाई हटाइयो



झापा(प्रस)। कोशी प्रदेशकै सबैभन्दा ठूलो सरकारी स्वास्थ्य संस्था विराटनगरस्थित कोशी अस्पतालको प्रमुख, मेडिकल सुपरिटेन्डेन्ट (मेसु) परिवर्तन गरिएको छ।


विवादास्पद छविका मेसु डा. चन्द्रभाल झालाई जिम्मेवारीबाट हटाएर सहप्राध्यापक डा. रविनराज सिंहलाई निमित्तको जिम्मेवारी दिइएको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले बुधबार डा. झालाई पदमुक्त गर्दै डा. सिंहलाई प्रशासनिक तथा आर्थिक अधिकारसहित निमित्त मेसु तोकेका हुन्। वरिष्ठ कन्सल्टेन्ट सर्जन डा. सिंहले यसअघि पनि कोशी अस्पतालमा निमित्त मेसुको जिम्मेवारी पाएका थिए।

सेवा प्रवाहलाई चुस्त बनाउनदेखि सरकारी अस्पताललाई उकास्न महत्वपूर्ण भूमिका निर्वाह गरेका उनलाई छोटो अवधिमै हटाएर अस्पतालका वरिष्ठ छाला तथा यौनरोग विशेषज्ञ डा. झालाई २०८० असार १८ गते मेसु तोकिएको थियो। डा. सिंहले २०७९ फागुन २ गतेदेखि निमित्त मेसुको जिम्मेवारी पाएका थिए। २०८० असार १८ सम्म अर्थात साढे ४ महिना मात्रै उनी निमित्त मेसुको भूमिकामा रहे।

यद्यपि, उनको छोटो कार्यकालमा कोशी अस्पतालमा न्यूरो सर्जरीको जटिल प्रकारको शल्यक्रिया गरेर बिरामीको सफल उपचार भएको थियो। स्वास्थ्य मन्त्रालय स्रोतका अनुसार डा. सिंहको यसअघिको कार्यसम्पादन उत्कृष्ट भएका कारण उनलाई पुनः दोस्रोपटक पनि जिम्मेवारी दिइएको हो। उनी अनुभवी र स्वास्थ्य क्षेत्रका कुशल प्रशासक एवं चिकित्सक मानिन्छन्।

डा. सिंहले बिहीबार पदभार ग्रहण गरेका छन्। उनले समग्र अस्पतालको सुधार गर्नेदेखि सेवा प्रवाहलाई चुस्त बनाएर लैजाने प्रतिबद्धता जनाए। 'मेरो कार्यकालमा सरकारी अस्पताललाई सबै हिसाबले उकास्ने प्रयत्न हुने छ,' डा. सिंहले भने, 'सेवा प्रवाह चुस्त बनाउँदै उपचारमा सबैको पहुँच पुऱ्याउन भूमिका खेल्ने छु।' अब कोशी अस्पतालमा गरिब र विपन्न वर्गले सहज उपचार पाउने वातावरण बन्ने उनले बताए।

# सुडानमा भएको आक्रमणमा सय जनाको मृत्यु




एजेन्सी । मध्य सुडानको गाउँमा भएको अर्धसैनिक आक्रमणमा १०० जनाको मृत्यु भएको स्थानीय प्रजातन्त्र समर्थक आन्दोलनकारीको समितिले बिहीबार जनाएको छ ।सन् २०२३ अप्रिलदेखि नियमित सेनासँग युद्धमा रहेका र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) ले बुधबार अल-जजिरा राज्यको वाड अल-नौरा गाउँमा भारी तोपखानाले 'दुई लहरमा' आक्रमण गरेको मदनी प्रतिरोध समितिले जनाएको छ । ड राएका अर्धसैनिक बलहरूले ' गाउँमा आक्रमण हुँदा कैयौं विस्थापित हुनुका साथै दर्जनौंको ज्यान गएको' बताएका छन् । आक्रमणबाट सयौं व्यक्तिको मृत्यु भएको पुष्टि भएको छ भने सयौंको संख्यामा मृतक तथा घाइते भएको पुष्टिको पर्खाइमा स्थानीयहरू रहेको स्रोतले जनाएको छ ।सामाजिक सञ्जालमा समितिले सार्वजनिक चोकमा 'सामूहिक हत्या' भएको भन्दै आँगनमा सेतो कफनको पङ्क्ति राखिएको भिडियो फुटेज सार्वजनिक गरेको छन् ।

एक वर्षको समयभित्रै, युद्धले दशौं हजार व्यक्तिको ज्यान लिएको छ । द्वन्द्वका कारण पश्चिम डार्फर सहरमा १५ हजारभन्दा बढी मारिएका छन् ।

सुडानका लागि अमेरिकी विशेष दूत टम पेरियेलोका अनुसार युद्धमा परी मृत्युवरण गर्नेहरूको संख्या एक लाख ५० हजारको हाराहारीमा रहेको जनाएका छन् ।

आरएसएफले सुडानका गाउँहरू, विशेष गरी अल-जाजिराको कृषि क्षेत्रमा बारम्बार घेराबन्दी र आक्रमण गरेको छ ।

बिहीबारको जानकारीमा आरएसएफले वाड अल-नौरा क्षेत्रका तीनवटा सैन्य शिविरमा आक्रमण गरी सहर बाहिर दुश्मनसँग भिडन्त गरेको बताएको छ ।

# खोलाले बगाउँदा बालकको मृत्यु

झापा(प्रस) । संखुवासभाको भोटखोला गाउँपालिका- २ च्यामताङ घर भई हाल भोटखोला गाउँपालिका- ४ स्याक्सिलागोला बजारमा बस्दै आएका नापाङ भोटेका ४ बर्षीय छोरा नामायाङ भोटेको खोलाले बगाउँदा मृत्यु भएको छ ।



बुधवार दिउँसो साढे ३ बजे श्रीकृष्ण माध्यमिक विद्यालयको कक्षा १ मा अध्ययनरत नामायाङलाई छुट्टी भएर विद्यालय पछाडी रहेको वाङ खोलामा खेल्ने क्रममा बगाएको थियो । घटनाको खबर प्राप्त भएसंगै खटिएको प्रहरी टोलीले स्थानीयको सहयोगमा उक्त बालकलाई खोलाको ढुंगाको चेपमा मृत अवस्थामा फेला पारेको थियो । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ